औद्योगिक ग्राम भित्र पूर्वाधार निर्माण सम्बन्धमा:

- नेपाल सरकारको मन्त्री परिषद्को मिति २०७६/०६/०७ को निर्णय बमोजिम पञ्चपुरी नगरपालिकाको मौरीडाँडा सामुदायिक वन वडा नं. ८ को ५०० रोपनी र शिद्धेश्वरी सा.व. क्षेत्र भित्रको ५०० रोपनी पूर्व कित्ता नं./ध को ३,४,५,६,७,११ तथा कित्ता नं./द को ५ र २७, पश्चिम कित्ता नं. १२४,१३२,७,८,६७, उत्तर कित्ता नं.८/द को १०५,१११ र १६ तथा ८/घ को २० र २३, दक्षिणमा प्रस्तावित मदन भण्डारी राजमार्ग भित्रको जग्गा नेपाल सरकार मन्त्रीपरिषद्ले २०७६/०६/०७ मा पञ्चपुरी औद्योगिक ग्राम घोषणा गरी उद्योग मन्त्रालयले पूर्वाधार निर्माणको लागि ९२ लाख कर्णाली प्रदेश उद्योग, पर्यटन, वन, वन तथा वातावरण मन्त्रालयबाट भवन निर्माणको लागि ६० लाख प्राप्त भई ठेक्का टेण्डर भैसकेको र यही आ.व.मा काम सम्पन्न गरिसक्नुपर्ने भएकोले यस औद्योगिक ग्रामको IEE/EIA रिर्पोट संघीय उद्योग मन्त्रालयमा पेश भएको कोभिड-१९ को कारणले रिर्पोट समयमा आउन नसकेको हुँदा संघीय मन्त्रालयबाट औद्योगिक ग्रामको लागि आवश्यक कागजात, प्रक्रिया नहुन्जेल सम्मको लागि यस औद्योगिक ग्रामको अन्दाजी खाली क्षेत्रको बढीमा ३(तीन) रोपनी क्षेत्रमा भवन, चमेना गृह, ट्वाइलेट, तारबार संघीय सरकार र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशको मातहतमा रहने गरी निर्माण कार्य अगाडी बढाउने सर्वसम्मतबाट निर्णय गरियो ।
- औद्योगिक ग्राम भित्रको पूर्वाधार संरचना निर्माणको लागि ३ रोपनी जग्गामा संक्षिप्त वातावरण अध्ययन गर्न औद्योगिक ग्राम निर्माण विस्तृत वातावरणीय अध्ययन प्रतिवेदन मा रु १००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

ल्याब असिस्टेन्ट (चौथो) को सेवा करारमा जिम्मेवारी दिने सम्बन्धमा :

- यस पञ्चपुरी नगरपालिका सामाजिक विकास शाखा तथा प्राथमिक स्वास्थ्य केन्द्र सालकोट, पञ्चपुरी-२ मा सहायक चौथो पदमा दैनिक ज्यालादारी सेवा करारमा कार्यरत श्री उजेश बहादुर शाहीलाई मिति २०७८/०२/०१ देखि अर्को व्यवस्था नहुने बेला सम्म लागु हुने गरी मासिक सेवा करारमा ल्याब असिस्टेन्ट सहायक चौथो पद हुने गरी कामकाजमा खटाउने निर्णय गरियो ।